म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १६३ सोमबार ८ माघ २०८० ने. सं. ११४४ पोहेलाथ्व 22 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पाथीभरा सहकारीको अध्यक्षमा कार्की

हेटौंडा, ७ माघ/थाहा नगरपालिका-२ फाँटबजारमा रहेको पाथीभरा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७ औं साधारणसभाबाट नवराज कार्की अध्यक्षमा निर्वाचित भएका छन् । कार्की अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित भएका हुन् । सहकारी संस्थाको उपाध्यक्षमा रामकुमार कार्की, सचिव भुपेन्द्रकुमार हमाल, सहसचिव मीना थापा तथा कोषध्यक्ष राधाकृष्ण बिष्ट निर्वाचित भएका छन् । सहकारी सञ्चालक समितिको सदस्यहरुमा अमराज कार्की, राजकुमार कार्की, मेनुका थापा र प्रमिला भट्टराई निर्वाचित भएको निर्वाचन अधिकृत रामशरण थापाले जानकारी दिए । सहकारीको लेखा समिति संयोजकमा मनोज कार्की तथा सदस्यहरुमा दीपक थापा र शंकर तामाङ निर्वाचित भएका छन् ।

# पूर्वराजा शाह दिनभर हेटौंडामा व्यस्त, 'राजा' लेख्न नपाएकोमा सरकारप्रति आक्रोश

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ पूर्वराजा ज्ञानेन्द्र शाह बागमती प्रदेशको राजधानी हेटौंडामा आइतबार दिनभर व्यस्त भए । पूर्वराजा शाह आफ्नी छोरी प्रेरणा शाहसँगै हेटौंडा आएका हुन् ।

बाराको सिमराबाट आफैं गाडी चलाउँदै आएका पूर्वराजा शाह पैदलयात्रा गरेर हेटौंडाको विभिन्न शक्तिपीठहरुमा पूजाअर्चना गरेका छन् । पूर्वराज्ञा ज्ञानेन्द्र शाहले बारा र मकवानपुरको सीमानामा पर्ने चुरियामाई मन्दिर, हेटौंडा-१३ पदमपोखरीमा रहेको ज्याङ्छुपलिङ पोताला गुम्बा र हेटौंडा-१० मा रहेको भुटनदेवी मन्दिरमा पूजाअर्चना गरेका छन् ।

उनले दिउँसो १ बजे चुरियामाई मन्दिरमा हिन्दु परम्परा अनुसार, दिउँसो २:४५ बजे ज्याङ्छुपलिङ पोताला गुम्बामा बौद्ध परम्परा अनुसार र ४ बजे भुटनदेवी मन्दिरमा पूजाअर्चना गरेका हुन् । राजालाइ मुल समारोह समिति संयोजक दीपकबहादुर सिंहले स्वागत गरेका थिए । राप्रपाका केन्द्रीय सदस्य एवम् प्रतिनिधिसभा सदस्य सिंह, राप्रपाका विभिन्न तहका नेता तथा कार्यकर्ताहरु, उद्योगपति तथा व्यापारी एवम् हजारौंको संख्यामा रहेका सर्वसाधारणले पूर्वराजा रानीको स्वागत गरेका छन् ।

पूर्वराजाको स्वागतका लागि पुगेका राप्रपा र राप्रपा नेपालका कार्यकर्ताहरुले नेपालको झण्डा बोकेका थिए । पूर्वराजा ज्ञानेन्द्रले साँझ हेटौंडा रिसोर्टमा सुभचिन्तकहरुसँग भेटघाटसमेत गरेका थिए । आइतबार दिनभर व्यस्त भएका पूर्वराजा ज्ञानेन्द्र शाहलाई 'राजा' भनेर लेख्न नदिएको भन्दै प्रतिनिधिसभा सदस्य सिंहले



सरकारप्रति आक्रोश व्यक्त गरेका छन् । शाहको हेटौंडा भ्रमणमा सडकक्षेत्रमा राखिएको स्वागत गेटमा राजा लेखिएको ब्यानर सच्याउन गृहमन्त्री नारायणकाजी श्रेष्ठले निर्देशन दिएको भन्दै उनी आक्रोशित बनेका हुन् । भ्रमण सकाएर शाह सिमरा फर्किएपछि पूर्वाधार विकास समिति सभापतिसमेत रहेका प्रतिनिधि सभा सदस्य सिंहले साँझ पत्रकार सम्मेलन गर्दै राजा लेख्दा नै गणतन्त्रवादी सरकार डराएको आरोप लगाए ।

राप्रपाले सञ्चारमाध्यमदेखि ब्यानरमै ज्ञानेन्द्रलाई 'राजा, महाराज धिराज' भनेर प्रचार गरेको भन्दै जिल्लास्थित गणतन्त्रवादी दलहरु, नागरिक समाजले विरोध जनाएका थिए । शाहले धार्मिक क्षेत्रको पूजाआजा भनेर राजनीतिक गतिविधि गरिरहेकोप्रति गणतन्त्रवादी दल नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रलगायतका दलहरुले ध्यानाकर्षण भइरहेको बताएका हुन् । बहालवाला राजाको जसरी प्रचार गर्नु गणतन्त्रको खिल्ली उडाएको नेताहरुको भनाई थियो ।

शाहको स्वागतमा सांसद सिंहको संयोजत्वमा ११११ सदस्यीय समिति बनाइएको थियो । समितिले हेटौंडा बजारका विभिन्न क्षेत्रमा स्वागत गेट निर्माण गर्दा 'राजा ज्ञानेन्द्र बीरविक्रम शाहदेव' लेखिएको थियो । जिल्ला प्रशासन कार्यालय मकवानपुरको निर्देशनमा प्रहरीले बिहान पूर्वराजा लेख्न लगाएको थियो । नेता सिंहले प्रशासनबाट राजा ज्ञानेन्द्रवीरबिक्रम शाहदेव अगाडि पूर्व पनि लेख्नपर्छ भनेर दबाब आएको बताए ।

'बिहानै प्रशासनबाट फोन गरेर पूर्वराजा लेख्न पर्‍यो भनेर मलाई भने । मैले जे-जे भन्छ त्यही लेख्न मिल्दैन नि भनें । माथिबाट प्रेसर आयो भनियो ।', सिंहले भने, 'मैले गृहमन्त्रीज्यूलाई फोन गर्दा उहाँको फोन उठेन । गृहसचिवलाई फोन गरेर सोधेपछि उहाँले कहाँ राजा लेख्न पाइन्छ त ? भनेर भन्नु भयो ।',

छेउमा बागमती प्रदेशका राप्रपा सांसद र कमल थापा नेतृत्वको राप्रपा नेपालका नेता राखेर सिंहले सोधे, 'टाइटल नै राजाको छ त राजा लेख्दा आपत्ति के ?', । 'विगतको सरकारले ५०-५० लाख मूल्य राखेर कसैको टाउको तोकेर आतंककारी भनेको थियो । के अब मैले पनि आतंककारी भन्न मिल्छ त उसो भए ?', उनले प्रश्न गरे । हाउगुजीले नै सरकार आत्तिएको उनको दाबी थियो । पूर्वराजा नलेखेर राजा लेख्दैमा सरकार काम्छ र यो अवस्थासम्म सरकार पुग्छ भनेर आफूले नसोचेको सिंहको भनाई थियो ।

विवाद गर्न नचाहेर डटपेनले पनि ब्यानरमा पूर्वराजा लेखिदिएको उनको भनाई छ । 'मेरो छोरोले मेरो बाउ राजाको बिवाह भनेर निमन्त्रणा गर्न पाउँछ कि पाउँदैन ।', सिंहको भनाई थियो । उनले आगामी दिनमा आजको घटना नहोस् भन्दै सरकारलाई चेतावनी दिए । सिंहले गणतन्त्रविरुद्ध फागुनदेखि राप्रपा आन्दोलनमा होमिने बताए । जनता र देशको अवस्था बदल्न राप्रपाले सडक आन्दोलनमा जाने तयारी गरिसकेको र आन्दोलन संसदसम्मै पुग्ने दाबी गरे ।

# भीमफेदीका अपाङ्गता भएकालाई घरमै नागरिकता



सांकेतिक तस्वीर

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ मकवानपुरको भीमफेदी गाउँपालिकाका २ जना अपाङ्गता भएका व्यक्तिलाई घरमै पुगेर नागरिकता प्रदान गरिएको छ । भीमफेदी गाउँपालिकाको १ जना जन्मजात पूर्ण शारीरिक अपाङ्गता भएका र १ जना मानसिक अपाङ्गता भएकालाई जिल्ला प्रशासन कार्यालय मकवानपुरले घरमै नागरिकता प्रदान गरेको हो । नागरिकता प्राप्त गर्नेमा भीमफेदी गाउँपालिका-८ इपाका बिर्खबहादुर थिङको २० वर्षीया छोरी सुनिता थिङ र १६ वर्षीय छोरा सुरेन्द्र थिङ रहेका छन् ।

उनीहरुलाई जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत सरोज पौडेल, नायवसुब्बा सहदेब आचार्य र अस्विनीकुमार अर्यालको टोलीले घरमै पुगेर नेपाली नागरिकताको प्रमाणपत्र हस्तान्तरण गरेका हुन् । थिङ दिदीभाइलाई बस्न र खाना खानको लागि समेत अरुको सहारा चाहिने र हिँडडुल गर्न नसक्ने भएकोले बागमती प्रदेश सामाजिक विकासमन्त्री कुमारी मोक्तानको पहल तथा गाउँपालिकाले प्रशासन कार्यालयसँग समन्वय गरी नागरिकता घरमै हस्तान्तरण गरिएको भीमफेदी-३ का वडाअध्यक्ष प्रितिलाल लामाले बताए ।

'आर्थिकअवस्था कमजोर हुँदा लालनपालनमा समस्या छ, नागरिकता बनेपछि भने अपाङ्गता भत्ता पाउने आशा गरेको छु ।', बिर्खबहादुरले भने, 'सरकारबाट केही रकम सहयोग भए धेरै सजिलो हुने थियो ।' आर्थिक अवस्था कमजोर रहेका बिर्खबहादुरले छोराछोरीको नागरिकता बनेपछि खुशी ब्यक्त गरे ।

# अवैध मल ढुवानी गर्ने आठवटा ट्रक नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडाबाट ढुवानी करछली गर्ने ८ वटा ट्रकलाई नियन्त्रणमा लिएको छ । हेटौडा उपमहानगर पालिका-१५ रातोमाटेबाट माघ ५ गते राति ७ वटा र माघ ६ गते बिहान एउटा ढुवानी करछली गरी मल बोकेको ट्रक प्रहरीले नियन्त्रणमा लिएको छ ।

हटौंडा-१५ स्थित पूर्वपश्चिम सडक खण्डमा बीर गंजबाट भैरहवातर्फ जाँदै गरेका ना.६ ख.५२०४, बा.प्र.०३-००१ख.०९५२, ना.६ ख.३७३०, प्र.२-०३-००१ ख.६९७७, लु.१ख.९५६९, ना.६ ख.३७२५, बा.प्र.०३-००१ ख.०९५४ नम्बरको ट्रकलाई माघ ५ गते नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । यस्तै प्रहरीका अनुसार ना.६ ख ९७८६ नम्बरको ट्रकलाई माघ ६ गते बिहान हेटौंडा-१५ रातोमाटेबाटै नियन्त्रणमा लिइएको हो ।

ट्रकहरुमा ढुवानी कर छली मल ल्याउँदै छ भन्ने सूचनाका आधारमा प्रहरीचौकी रोतोमाटेबाट खटिएको प्रहरी टोलीले ट्रकहरुलाई ३ हजार ६८० बोरा मलसहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

नियन्त्रणमा लिइएको ट्रकलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि आइतबार राजश्व अनुसन्धान कार्यालय पथलैया पठाइएको मकवानपुर प्रहरीले जानाकारी दिएको छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

"Education is the real treasure"

25 Years of Excellence in Education

Celebrating Silver Jubilee

27 days to go

HETAUDA ACADEMY

Residential Secondary School

Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal

☎057-525548 ☎057-525547 ☎057-523547

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

## हाम्रो कुरा

# ज्ञानेन्द्रको गतिबिधिमा दलको ध्यानाकर्षण

राजसंस्था स्थापना गर्नेहरुको गतिबिधि बढ्दै गएपछि लोकतन्त्रबादी दलहरुको ध्यानाकर्षण भएको छ । देश दौडाहकै क्रममा ज्ञानेन्द्र आज आइतबार हेटौंडा आएका छन् । उनले हेटौंडाको धार्मिकस्थलदेखि राप्रपाका कार्यकर्तासँगको भेटघाट गरेर दिनभर यतै बिताए । राप्रपाले ज्ञानेन्द्रको भ्रमणलाई हेटौंडा नगर र ग्रामीण क्षेत्रमा पनि 'माइकिङ' गरेर प्रचार गरेको थियो । तर, राप्रपा मकवानपुरले गरेको प्रचार भने विवादित हुन पुगेको छ । राप्रपाले सञ्चारमाध्यमदेखि ब्यानरमै ज्ञानेन्द्रलाई 'महाराजधिराज राजा सरकार' भनेर प्रचार गरेको थियो । गणतन्त्रवादी दलहरुले ज्ञानेन्द्र शाहलाई 'महाराजधिराज राजा सरकार' भनेर प्रचार गर्नु भ्रमको खेती भएको टिप्पणी गरेका छन् । नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी (केन्द्र) लगायत दलहका नेताहरुले ज्ञानेन्द्र शाहलाई 'राजा' भनेर गरिएको प्रचार गलत भएको बताएका छन् । 'राजा भनेर प्रचार गर्नु ठीक नभएको दलहरुको धारण थियो ।

ज्ञानेन्द्र शाहले धार्मिक क्षेत्रको पूजाआजा भनेर राजनीतिक गतिविधि गरिरहेकोप्रति गणतन्त्रवादी दल नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्रलगायतका दलहरुले ध्यानाकर्षण भइरहेको बताएका हुन् । पूर्वराजा ज्ञानेन्द्रले हेटौंडाको भुटनदेबी मन्दिरमा दर्शन तथा पूजाआजा गरेका छन् । ज्ञानेन्द्र शाहलाई 'राजा' भनेर गरिएको प्रचार भ्रमको खेतीको रुपमा टिप्पणी दलहरुले गरेका छन् । बहालवाला राजाको जसरी प्रचार गर्नु गणतन्त्रको खिल्ली उडाएको दलहरुको टिप्पणी थियो । मुलुकमा राजा नै नभएको अवस्थामा पनि राजा भनेर प्रचार गर्नु गणतन्त्रको खिल्ली उडाएको हो दलहरुले भनेका छन् । भ्रमको खेती गर्नेलाई कारबाही हुनुपर्ने दलहरुको धारणा छ । राजतन्त्रात्मक ब्यवस्थामा राजाको दमन र निरकुंशताविरुद्ध बोल्ने नागरिकलाई जेलनेलको सजाय दिने राजावादीले गणतन्त्रमा मिति सकिएको 'राजा'लाई बहालवाला जसरी प्रचार गर्नु कुनै कोणबाट पनि ठीक नभएको दलका प्रतिनिधिहरुले बताएका छन् । प्रशासन संयन्त्रले भने बढो डिप्लोम्याटिक प्रतिक्रिया दिएको छ । संविधानले नै बोल्न दिएको र मान्न वा नमान्न सक्ने अधिकार पनि दिएको प्रतिक्रिया प्रशासनका अधिकारीहरुले दिएका छन् । धार्मिकक्षेत्रहरुको अवलोकन तथा पूजाआरधानाका लागि हेटौंडा आएका पूर्वराजा शाहसँग भेटघाट कार्यक्रमको तय र व्यवस्थापन राप्रपाले गरेको थियो ।

पूर्वराजा ज्ञानेन्द्रलाई हेटौंडा-१५ स्थित चुरियामाई मन्दिरमा स्वागत गरियो । हेटौंडा-१३ पदमपोखरीस्थित ज्याङछुपलिङ पोताला गुम्बामा पूजाआराधना, हेटौंडा-१० स्थित भूटनदेवी मन्दिरमा पूजाआराधनासहित शुभेच्छुक भेटघाट साँझ रिगल हेटौंडा रिसोर्टमा खेलप्रमी, बुद्धिजीवी, व्यवसायीलगायतसँग भेटघाट गरी साँझ ७ बजे राप्रपाले पत्रकार सम्मेलन गरी अभियान सफल भएको धारणा ब्यक्त गरेको थियो । पूर्वराजा ज्ञानेन्द्र शाहले २९ जेठ २०६५ बाट नारायणी दरबार त्यागे । देशमा राजतन्त्रको अन्त्यसँगै गणतन्त्रको स्थापना हुन पुगेको थियो । ज्ञानेन्द्रले नारायणहिटी छोड्नु अघि २०६५ जेठ १५ मा बसेको पहिलो संविधानसभाको पहिलो बैठकले २ सय ४० वर्ष शाही राजतन्त्रको अन्त्य गर्दै नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा परिणत गरेको थियो । दोस्रो संविधानसभाबाट ०७२ असोज ३ मा जारी संविधानले गणतन्त्रलाई संस्थागत गऱ्यो । यसबीचमा ज्ञानेन्द्र पूर्वराजाको हैसियतमा सम्मानित व्यक्तिको रुपमा रहँदै आइरहेका छन् । राजतन्त्रको अन्त्यपछि पूर्वराजा ज्ञानेन्द्र नेपालका धार्मिक क्षेत्रमा मात्र सक्रिय थिए । उनी विगत ४-५ वर्षदेखि जनतासामु भेटघाटमा सक्रिय हुँदै आएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ ९ गते मंगलबार २३ जनवरी २०२४ । त्रयोदशी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:३५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन प्रसन्न रहनेछ | तुला | : परिवारमा सुखद माहौल रहनेछ |
| वृष | : विरोधी परास्त हुनेछन् | वृश्चिक | : स्थिति अनुकूल बन्नेछ |
| मिथुन | : व्यापारमा लाभ हुनसक्नेछ | धनु | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| कर्कट | : काममा सफलता मिल्नेछ | मकर | : अहंकारको भावले काम विगार्नेछ |
| सिंह | : अधुरा कामहरु पूरा हुनेछ | कुम्भ | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कन्या | : स्वास्थ्यको समस्या आउनेछ | मीन | : व्यापार राम्रो चल्नेछ |

# विकल्प हुनसक्छ सामाजिक बजार अर्थतन्त्र



✍डम्बर खतिवडा

हुनत 'उत्तरवैचारिक' तथा 'सत्योत्तर' युगमा विचार/विचारधारा, आफैं कति सान्दर्भिक छ भन्ने प्रश्न छ । त्यसमाथि दार्शनिक/वैचारिक यथार्थबाट अर्थतन्त्रको स्वरूप, ढाँचा वा विकास प्रारूप नियाल्ने प्रयत्नलाई व्यवहारवाद वा 'पपुलिज्म' ले सीधै अस्वीकार गर्दछ ।

कुनै बेला आदि शंकराचार्यले 'ब्रफम सत्य, जगत मिथ्या' भनेका थिए । आज स्थिति हेर्दा 'अन्य इन्द्रिय सत्य, मस्तिष्क मिथ्या' भन्न मिल्ने खालको छ । जताततै 'विवेकसम्मत आधार ' संकुचित र 'भावनात्मक उत्तेजना' प्रभावी हुँदै गएका छन् ।

'आधुनिकता' (मोडर्निज्म) सम्म मान्छे विचार, दर्शन र सिद्धान्तको सवाललाई यति धेरै अस्वीकार गर्दैनथे । त्यसलाई मानवीय जीवन र कार्यव्यवहारको मार्गदर्शन मानिन्थ्यो । मार्ग फरक हुन्थे । तर, प्रत्येक मार्गले कुनै न कुनै वैचारिक आधार र नैतिक मापदण्ड अवलम्बन गरेको विश्वास गरिन्थ्यो ।

राजनीति र राज्य सञ्चालन त झन् 'अवैचारिक' हुने कुनै सम्भावना थिएन । ठीक थिए, बेठीक थिए, कतिलाई कुन मन पर्थ्यो, कुन मन पर्दैनथ्यो, समयक्रममा ती कति सत्य, कति असत्य सावित भए, त्यो भिन्नै कुरा तर उन्नाइसौं र बीसौं शताब्दीका यावत् राजनीतिक संघर्ष आफैंमा विचारधारात्मक संघर्ष थिए ।

बीसौं शताब्दीको उत्तरार्धतिरबाट प्रारम्भ भएको 'उत्तरआधुनिकतावाद' (पोष्टमोडर्निज्म) र एक्काइसौं शताब्दीको प्रारम्भबाट मौलाएको 'महाआधुनिकता' (मेगामोडर्निज्म) पछि मान्छेमा धेरै चिजमाथि विश्वास उठ्दै गयो । उत्तरसंरचनावादी दृष्टिकोणले प्राज्ञिक तथा बौद्धिक बहसमा स्थान पाउनुअघि मान्छेको दिमागमा कब्जा जमाउन थाल्यो । सँगसँगै विचार-दर्शनप्रतिको विश्वास पनि हराउँदै गयो । राजनीति, राज्य सञ्चालन र अर्थतन्त्र निर्माणको कुनै वैचारिक आधार हुन्छ भन्ने मान्यता नै असान्दर्भिक जस्तो देखियो । मापदण्ड आधारित व्यवहार र नैतिक मूल्य प्रणाली धराशायी भए ।

अरू धेरै चिज जस्तो यो प्रवृत्ति नेपालमा भने धेरैपछि आयो । मुस्किलले एक दशक हुँदैछ भन्दा हुन्छ । तर, त्यसो हुनु स्वाभाविक थियो । पहिलो त- विश्वको वैचारिक प्रवृत्तिबाट नेपाल मात्र अछुतो रहन सम्भव थिएन । हिजोका पूँजीवाद, साम्यवाद, उदारवाद, समाजवाद, राष्ट्रवाद जस्ता विचारधारा पनि कुनै मौलिक परम्परबाट आएका थिएनन्, ती बाहिरबाटै आएका थिए । यहाँसम्म कि राजनीतिमा 'कांग्रेस' र 'कम्युनिस्ट' जस्ता शब्द समेत बाहिरबाटै आएका हुन् । अरू सबै थोक बाहिरबाट आउँदा, आयात गर्दा हुने 'पोष्ट-ट्रुथ' वा 'पपुलिज्म' बाहिरबाट नआउने भन्ने हुन सक्दैनथ्यो ।

समकालीन विश्व राजनीतिको सबैभन्दा बलियो विचारधारा- 'दक्षिणपन्थी प्रियतावाद' हो भन्न कसैले किञ्चित हिचकिचाउन पर्दैन । अमेरिकाका ट्रम्पदेखि चीनका सी जिनपिङसम्म, रूसका भ्लादिमिर पुटिनदेखि भारतका नरेन्द्र मोदीसम्म, टर्कीका एर्दोगानदेखि हंगेरीका भिक्टर अर्वानसम्म, फ्रान्सकी म्यारिन लि पेनदेखि इटालीकी जर्जिया मेलोनीसम्म राजनीतिक पृष्ठभूमिको भिन्नताका बाबजुद समान सोच र र णनीति प्रभावी छ । नेपालमा यो प्रवृत्तिलाई २०७० को दशकमा 'वामपन्थी पृष्ठभूमिका दक्षिणपन्थी' नेता केपी शर्माले हावा दिए । तर, यो एमाले र ओलीमा मात्र सीमित रहेन, कोभिड-१९ को संक्रमण जस्तै यो सर्वत्र फैलियो ।

विचारधाराको भिन्नता समाप्त हुँदै गएपछि विचार आफैंमा पाखण्ड जस्तो बन्न पुग्दछ । दोस्रो ठूलो यही कारण थियो कि मानिसले विचारलाई पाखण्ड ठान्न थाले । किनकि ती वैचारिक धारले जे भन्दै र दावी गर्दै आएका थिए- व्यवहारमा त्यो कहींकतै थिएन । एकातिर बेलैमा अद्यावधिक नभएका असंगत र पुराना सिद्धान्त, अर्कोतिर अविश्वसनीय र चरम अवसरवादी सिद्ध भएका जीर्ण तथा भद्दा व्यवहार बीच विचारधाराप्रतिको विरक्ति स्वाभाविक थियो ।

राजनीतिमा जस्तै अर्थतन्त्रको ढाँचा, स्वरूप वा विकास प्रारूप निरुपणको सन्दर्भमा पनि यो समस्या छ । किन चाहियो कुनै अर्थतन्त्रको ढाँचा, स्वरूप वा संरचना ? किन चाहियो विकास प्रारूप वा मोडालिटी ? 'भटाभट काम गरे त भइहाल्यो नि' भन्ने सोच बलियो छ । तर, संसारका अभ्यास र अनुभवले यस्तो सोचलाई सिद्ध गर्दैन । एकातिर पुराना ढाँचा र प्रारूपले काम नगर्ने, अर्कोतिर ढाँचा र प्रारूपको औचित्य नै अस्वीकार गर्ने दोहोरो मारमा देशको विकास, सुशासन र समृद्धिको यात्रा हराएको प्रतीत हुन्छ ।

अर्थतन्त्रको ढाँचा निरूपणमा सबैभन्दा प्रभावी एक सोच 'राज्यवाद' हो । नि:सन्देह, कुनै देशको अल्पविकास, गरिबी, बेरोजगारी र न्यून आयको मुख्य कारण तत्व 'राज्य' हो । राज्यका सञ्चालक तथा नीति निर्माता हुन् । तर, अर्थशास्त्रीय दृष्टिकोणबाट 'राज्यवाद' फरक कुरा हो । राज्यवादको अर्थ हो- अर्थतन्त्रका सबै क्षेत्र र उत्पादनका सबै मुख्य साधन राज्यले नियन्त्रण र राष्ट्रियकरण गर्नुपर्दछ भन्ने सोच । राज्यनियन्त्रित अर्थतन्त्रको सोच । यो सोच बीसौं शताब्दीको अन्तिम दशकसम्म पनि कायमै थियो । सन् १९७० को दशकबाट कमजोर हुन थाल्यो र सन् १९९० को दशकमा पराजित भयो ।

राष्ट्रवाद, सम्वर्द्धनवाद, साम्यवाद र फाँसीवाद राजनीतिक दृष्टिकोणले फरक-फरक धारणा र आन्दोलन हुन् तर, जब अर्थतन्त्रको प्रश्न आउँछ, यी सबै एउटै प्रारूप 'राज्यवाद' का समर्थक बन्न पुग्दछन् । सबै नियन्त्रित, संरक्षित र सीमित अर्थतन्त्रको पक्षपोषक हुन्छन् । उत्पादन साधनको राष्ट्रियकरण र राज्य नियन्त्रित अर्थतन्त्रबाट मात्र मानव जातिको आर्थिक हित र समानता सम्भव छ भन्ने वैचारिक अपीलकै कारण साम्यवाद विश्वभरि फैलिएको थियो । र, यही सैद्धान्तिक मान्यतालाई व्यवहारबाट पुष्टि गर्न नसक्दा त्यो फेरि संसारभरि नै पतन पनि भयो । साम्यवाद मात्र हैन, साम्यवादलाई एकदलीय र निरंकुश विचारधारा मान्ने 'प्रजातान्त्रिक समाजवादी' हरू पनि राज्यवादी अर्थतन्त्रका पक्षपाती थिए । भारतमा जवाहरलाल नेहरू, डा. राममनोहर लोहिया आदि यसका उदाहरण हुन् । इन्दिरा गान्धीले बैंक, उद्योगलगायत कैयौं चिज राष्ट्रियकरण गरेकी थिइन् । चीनमा माओले जमिनको राष्ट्रियकरण गरी कृषि कम्युन स्थापित गर्न खोज्दा संसारकै सबैभन्दा ठूलो अनिकाल लाग्यो र करोडौं मान्छे भोकले मरे ।

'समाजवाद' को अवधारणा आफैंमा नराम्रो थिएन/हैन । तर, 'समाजवाद' को सबैभन्दा ठूलो दुर्भाग्य के भयो भने यसको राजनीतिक उपयोग र दोहन गर्न कसैले छोडेन तर मर्म र भावनालाई कसैले आत्मसात् गरेन । 'समाजवाद' ले विश्व राजनीतिमा सुन्दरी यौवना नगरबधूको जस्तो नियति भोग्न पऱ्यो, जसको आकर्षणमा सबै लट्ठिए तर, जीवनसाथीका रूपमा साथ दिने कोही भएन ।

आज पनि 'समाजवाद' शब्दको प्रयोग सबैले एउटै अर्थमा गर्दैनन् । यसको अर्थ, परिभाषा वा बुझाइमा यति धेरै भिन्नता छ कि प्रत्येक विचारधाराको मान्छेले यसलाई फरक-फरक अर्थमा बुझ्दछ । यो एउटा यस्तो शब्द हो, जसलाई भन्नेले भिन्नै अर्थमा भनिरहेको हुन्छ, बुझ्नेले भिन्नै अर्थमा बुझिरहेको हुन्छ । गर्नेले भिन्नै अर्थमा गरिरहेको हुन्छ ।

राजनीतिक विचारधारामा समाजवादको अर्थ उदारवाद र साम्यवाद दुवैभन्दा फरक हो । उदारवादको अर्थ हो- स्वतन्त्र व्यक्ति, स्वतन्त्र बजार र स्वतन्त्रताबाटै सबै चिज सम्भव छ भन्ने बुझाइ । साम्यवादको अर्थ हो- कुनै दिन वर्गहीन, राज्यविहीन र निजी सम्पत्तिविहीन समाज बन्दछ, त्यतिखेर मात्र मानव जातिले वास्तविक आर्थिक समानता हासिल गर्दछ र मुक्त हुन्छ । मानव जातिको सबैभन्दा ठूलो आकांक्षा आर्थिक समानता हो भन्ने सोच ।

समाजवादले यी दुवै प्रस्तावनालाई अस्वीकार गर्दछ । व्यक्ति र समाज, निजत्व र सामूहिकता, स्वतन्त्रता र समानताको साझापन, अविभाज्यता र अक्षुण्णताको पैरवी गर्दछ । तर, जब अर्थतन्त्रको बहस हुन्छ मान्छेले समाजवाद उपरोक्त अर्थमा लिंदैनन् । उदारवाद वा बजार विरोधी विचारका रूपमा बुझ्दछन् । साम्यवादको सहयोगी सिद्धान्तका रूपमा बुझ्दछन् । साम्यवादीहरूले त यसलाई साम्यवादमा पुग्नुअघिको एक उपचरणका रूपमा बुझ्दछन् ।

समाजवाद भन्दा मान्छेले के बुझ्दछन् भनेर यदाकदा मैले अनौपचारिक सर्वेक्षण गर्छु । आफ्नो किताब 'समाजवादको यात्रा' लेख्ने क्रममा अलिक बाक्लो गरी त्यसो गरेको थिए ।

कम्युनिस्टहरूले समाजवाद भनेको साम्यवादको पूर्वरूप बुझ्दछन् । उदारवादीहरूले समाजवाद भनेको ठूलो आकारको सरकार, नियन्त्रित अर्थतन्त्र, बजारको अभाव वा संकुचन, आर्थिक समानताका नाममा गरिबीको वितरण र एकदलीय तथा अधिनायकवादी राजनीतिका जोखिमलाई बुझ्दछन् ।

समाजवादका नाममा भएका विश्वव्यापी अभ्यासलाई हेर्दा यी दुवै खाले बुझाइलाई अस्वीकार गर्न सकिदैन । लेनिन, स्टालिन, माओ, क्यास्त्रो जस्ता कट्टरपन्थी कम्युनिस्टहरूले आफूलाई समाजवादी भन्थे । हिटलर, मुसोलिनी जस्ता फासिस्टले पनि आफूलाई लामो समयसम्म समाजवादी नै भने । इथियोपियाका जर्नेल मंगेत्स्कु र बर्माका ने विन जस्ता सैनिक शासकले पनि आफूलाई समाजवादी नै भन्थे । एडवर्ड बर्नस्टिन, फर्दिनान्ड लासास र कार्ल काउत्स्की जस्ता संशोधनवादीहरू पनि समाजवाद शब्द प्रयोगको मोहबाट मुक्त थिएनन् । यहाँसम्म कि अरबी बाथ आन्दोलन, इराकका सद्दाम हुसेन र सिरियाका बसर-अल असदको प्रिय शब्द पनि समाजवाद नै हो ।

राजनीतिक हिसाबले यी आकाश, जमिन जत्तिकै फरक धार हुन् तर सबैले आफूलाई 'समाजवादी अर्थतन्त्र' का पक्षपाती ठान्दथे ।

खासमा समाजवाद शब्दको मौलिक अर्थ परम्परा रबर्ट ओवेनवादीहरूसँग जोडिएको थियो । त्यसैको जगमा बेलायतमा फेबियन समाजवादको एक फरक धार जन्मियो । जसको अभ्यासकर्ता त्यहाँको लेबर पार्टीलाई मानिन्छ । फ्रान्सका ज्याकोबिन र सेन्डिकालिस्टहरू पनि आफूलाई समाजवादी नै ठान्दथे ।

समाजवाद शब्द विश्व राजनीतिमा जति धेरै प्रयोग भएको छ, उत्तिकै धेरै भ्रमपूर्ण पनि छ । ठीक यही शब्दलाई हामीले टिपेर संविधानमा 'समाजवाद-उन्मुख' लेखेका छौं । तर, यसले हाम्रो अर्थतन्त्रको ढाँचा, स्वरूप, संरचना वा विकास प्रारूपलाई सही मार्गदर्शन गर्न भने सकिरहेको छैन ।

अर्थतन्त्रमा 'राज्यवाद' उल्टो धारणा 'बजारवाद' हो । यसलाई पूँजीवाद, उदारवाद, नवउदारवाद आदि शब्दावलीले सम्बोधन गर्ने गरिन्छ । तर, यी विचारले पनि अर्थतन्त्रमा राज्यको भूमिकालाई विल्कुलै अस्वीकार गर्न सक्दैनन् । कम्तीमा वाणिज्य, व्यापार, वित्त सम्बन्धित ऐन कानुन राज्यले बनाउँछ, कर राज्यले निर्धारण गर्दछ, राज्यले बजेट र पूँजीगत खर्चमार्फत भौतिक विकास र पूर्वाधारलाई गति दिन्छ भन्ने यथार्थ उदारवाद वा पूँजीवादीले पनि अस्वीकार गर्दैन ।

अर्थतन्त्रमा निजी क्षेत्र र बजारलाई प्राथमिकता दिनुपर्दछ भन्नेसम्म यो धारणाको माग हो । बजारमा हुने माग र आपूर्तिको नियमसँग संगतिपूर्ण हुने गरी अर्थतन्त्रको नीति र ढाँचा निरूपण गरिनुपर्दछ भन्ने यो सोचको आग्रह हो ।

बजारवादले खोजेको वा चाहेको आर्थिक स्वतन्त्रताको सीमा के कति हो, आजसम्म कुनै पनि अर्थशास्त्रीले कुनै खास मापदण्ड बनाएर ठहर गर्न सकेका छैनन् । 'वासिङ्गटन सहमति' र पछिल्लो नवउदारवादी भूमण्डलीकरण र उदारीकरणको प्रभावकारितामा अझै तिनै नीतिका संस्थापकहरू शंका गर्दछन् । यी नीति र सोचमा पनि असन्तुलनका कडीहरू विद्यमान छन् ।

सम्पत्तिको अधिकार, बजार, निजी क्षेत्र र आर्थिक स्वतन्त्रता नि:सन्देह महत्वपूर्ण छन् तर 'निरपेक्ष' छैनन् । यही धारभित्र कहिले फ्रेडरिख हायक र मुरे रोथबार्ड जस्ता चरम 'बजारवादी' अर्थशास्त्री आउँछन् त कहिले जोहन मिराल्ड किन्स जस्ता नवशास्त्रवादीले 'लोककल्याणकारी राज्य' को पैरवी गर्दछन् । समाजवादमा हुने 'वितरीत न्यायको सिद्धान्त' र बजारवादमा हुने 'लोक कल्याणकारी राज्य' को अवधारणा बीच के तात्विक भिन्नता हुन्छ कसैले भन्न सक्दैन । कम्तीमा अहिलेसम्म भन्न सकेको छैन ।

सन् १९९० पछिको नवउदारवादी उदारीकरणले भूमण्डलीकरण र विश्व गरिबी न्यूनीकरणमा उल्लेखनीय योगदान गरेको कसैले अस्वीकार गर्दैन । तर, गरिब-धनी बीचको बढ्दो दूरी, स्थानीयता, पहिचान-राजनीति र राष्ट्रवादी भावनाको विकास, आर्थिक विकास सँगसगै आएको बहुवीयताले सृजना गरेको अनिश्चितता, चीनको विशालकाय शक्ति र अर्थतन्त्रबाट सृजित विश्व व्यवस्था र लोकतन्त्रमाथिको जोखिम, रुसले थोपरिरहेको युद्ध र पुटिन मार्का लोकतन्त्र आफैंमा ठूला असंगति हुन् । अर्थतन्त्रमा राज्यवादी वा बजारवादी अवधारणापछि अलिक बढी लोकप्रिय ढाँचा मिश्रति अर्थतन्त्र थियो । शीत युद्धकालीन अर्थशास्त्रीहरूले यसको खुबै चर्चा र प्रशंसा गर्थे । साम्यवादबाट केही र पूँजीवादबाट केही तानेर ल्याउने र मिसाएर जोडजोड पार्ने यो मोडालिटीमा आज कसैलाई रुचि छैन । नेपालमा पञ्चायती व्यवस्थाको आर्थिक नीति मिश्रति अर्थतन्त्र मानिन्थ्यो ।

तर, मिश्रति अर्थतन्त्र शीतयुद्धकालको राजनीतिक 'असंलग्नता' जस्तै 'आर्थिक असंलग्नता' थियो । जो आफूलाई 'साम्यवादी-समाजवादी' वा 'पूँजीवादी-उदारवादी' भन्न डराउँथे, तिनले 'मिश्रति अर्थतन्त्र' भन्थे । दुवैतिरको जोखिमबाट जोगिने वा दुवैतिरको आशीर्वाद पाउने मनोदशाबाट मिश्रति अर्थतन्त्र बनेको थियो । मिश्रति अर्थतन्त्रको सबैभन्दा ठूलो समस्या के हो भने यसको कुनै अर्थशास्त्रीय मानक हुँदैन । साम्यवाद वा राज्यवादबाट केके र कति कुरा ल्याउनु हुन्छ, कुनकुन कुरा बजारमा छोड्नु हुन्छ, कसरी मिसाउन हुन्छ, मिसाउने मात्रा कति हो, कुन मात्राले कस्तो समिश्रण वा प्रतिफल निर्माण गर्दछ भन्ने प्रष्टता हुँदैन ।

संसारमा औपचारिक तथा घोषित रूपमा 'समाजवादी' वा 'मिश्रति' अर्थतन्त्र अपनाउने देश आज छैनन् पनि । भए पनि असाध्यै थोरै र सीमित छन् । राजनीतिक रूपले एकदलीय कम्युनिस्ट शासनमा रहेका उत्तरकोरिया वा क्युवाको मोडेल समाजवादी हो कि सन् १९७८ पछिको चीनको मोडेल समाजवादी हो वा मिश्रति हो अरूको त कुरै छोडौं, कुनै कम्युनिस्टले पनि भन्न सक्दैन ।

तसर्थ, आजको युगमा अर्थतन्त्रको सबैभन्दा उपयुक्त, कम विवादित र बढी स्वीकार्य हुनसक्ने ढाँचा सामाजिक बजार अर्थतन्त्र (सोसल मार्केट इमोनमी) हो । यसलाई अर्को शब्दमा नियमन गरिएको बजार अर्थतन्त्र -रेगुलेटेट मार्केट इकोनमी) पनि भनिन्छ । युरोपमा विशेषत: जर्मनी र नोर्डिक मुलुकले यो ढाँचा अवलम्बन गरेका छन् । यो ढाँचामा बजार हुन्छ तर बजारलाई सामाजिक हित र वास्तविकता अनुसार नियमन गरिन्छ ।

उदारवाद, पूँजीवाद वा नवउदारवादको सीमा 'निरपेक्ष बजारवाद' को कमजोरीलाई समेत यसले नियमन गर्न सक्दछ । तर, त्यसका सकारात्मक पक्षलाई हानि पुऱ्याउँदैन । राजनीतिमा लोकतन्त्र र नागरिक सार्वभौमसत्ता सर्वोच्च भए जस्तो अर्थतन्त्रमा उपभोक्ता हित र जनस्वास्थ्य सबैभन्दा माथि हुनु अर्थतन्त्रको यो ढाँचाको सार हो ।

सामाजिक बजार अर्थतन्त्रको ढाँचामा राज्यवाद र बजारवादको झगडा सधैंलाई समाप्त हुन्छ । राज्य र बजार, सरकारी, निजी, सहकारी र सामुदायिक स्वामित्व बीच गतिशील सन्तुलन, रचनात्मक प्रतिस्पर्धा र सहकार्य कायम हुन्छ ।

सामाजिक बजार अर्थतन्त्र भनेको 'समाजवादी अर्थतन्त्र' हैन, न त निरपेक्ष बजारवादी वा पूँजीवादी अर्थतन्त्र नै हो, तसर्थ 'समाजवाद-उन्मुख' को संवैधानिक मान्यतासँग पनि यसले ठूलो बेमेल राख्दैन । सामाजिक बजार अर्थतन्त्रको अवधारणाले 'हरित अर्थतन्त्र' को भावनालाई आत्मसात् गरेको हुन्छ । सामाजिक बजार अर्थतन्त्रमा 'सामाजिक न्याय र लोककल्याणकारी राज्य' झगडाउने फरक अवधारणा बाँकी रहँदैनन् ।

सामाजिक बजार अर्थतन्त्रको सार 'निष्पक्ष राज्य: निष्पक्ष अर्थतन्त्र' (फियर स्टेट, फियर इकोनमी) हो । राज्य र निजी क्षेत्रका संस्थाले रोजगार सृजना गर्ने मोडालिटीको साटो यसको जोड उद्यमशीलता र व्यावसायिकता विकासमा हुन्छ । सामाजिक उद्यमशीलता यसको अर्को विशेषता हो । सबैभन्दा ठूलो कुरा यसले शास्त्रीय बहसको शब्दजालबाट मुक्त गर्दछ । निश्चित सैद्धान्तिक आधार र प्रष्टता सहितको व्यावहारिक अर्थशास्त्रीय ढाँचाको खोजी गर्दछ, जसमा सामाजिक उत्तरदायित्व, नैतिक मानक र मूल्यप्रणाली समाप्त भएका हुँदैनन्, बरु अझ मजबूत हुन्छन् । *(साभार: अनलाइनखबर)*

# राजनीतिक दलका लठैत शिक्षक

✍ टेकेन्द्र कुमार महतरा

हरेक पेसाको आफ्नो पेसागत कर्तव्य, जिमेवारी, आचरण, व्यवहार र पेसागत धर्म हुन्छ । जब कुनै पनि पेसामा आबद्ध पेसाकर्मीले यी सबै नियम र आचरण पेसागत परिधिभित्र र हेर काम गर्छन्, अनि मात्र त्यो पेसाको सामाजिक मर्यादा कायम हुन्छ, होइन भने त्यस्तो पेसा निकम्मा र पेसाकर्मी लठैत हुन जान्छन् ।

गुरु वशिष्ठका चेला राम मर्यादा पुरुष बने, सान्दिपिनीजस्ता गुरुले कृष्णजस्ता बौद्धिक व्यक्ति तयार पारे, अनि दोर्णाचार्य जस्ता गुरुबाट अर्जुन जस्ता धनुर्धर योद्धा जन्मिए । यस कारण प्राचीन इतिहासका ती महान् गुरुहरूले गुरुको आफ्नो पहिचान बनाए अनि त्यस्ता महान् गुरुका शिष्यहरूले आफ्नो इतिहास रचे, जसलाई हामी आज पनि सर्वश्रेष्ठ गुरु र श्रेष्ठ शिष्यका रूपमा मान्दै आएका छौं । प्राचीन पश्चिमी समाजको कुरा गर्ने हो भने पाण्डित्यवादी युगको चर्चा नै पर्याप्त छ, पाण्डित्यवाद आफैंमा राम्रो या नराम्रोभन्दा पनि त्यस युगमा चर्चका पादरी वा गुरुहरूले नै देशको शासन व्यवस्था सञ्चालन गर्दथे, समाज तथा राज्यका हरेक व्यवस्थामा उनीहरूको महत्त्वपूर्ण भूमिका रहन्थ्यो । त्यति बेलाकै पूर्वीय समाजको कुरा गर्ने हो भने, गुरुकुलका शिक्षक सामाजिक, आर्थिक तथा राजनीतिक व्यवस्थाको निर्णायक व्यक्तिका रूपमा रहन्थे ।

प्राचीन तक्षशिलाका गुरु चाणक्यले एउटा सामान्य परिवारको बालक चन्द्रगुप्तलाई आफ्नो शिक्षा-दीक्षाको माध्यमबाट महान् सम्राट बनाएको इतिहास पनि हाम्रो सामु छ । यी सबै तथ्यलाई आधार मानेर विश्लेषण गर्ने हो भने आधुनिक विश्व समाजको निर्माणमा प्राचीन समाजका गुरुहरूले विविध क्षेत्रमा दिएको योगदानलाई महत्त्वपूर्ण आधार मान्न सकिन्छ ।

कुरो गरौं अहिलेको हाम्रो समाज, शिक्षा व्यवस्था, अहिलेको राजनीतिक व्यवस्था अनि अहिलेको शिक्षक र शिक्षकको भूमिकाको । संसारका अधिकांश विकसित देशहरूमा शिक्षकको भूमिका ज्यादै महत्वपूर्ण मानिन्छ भने त्यहाँ शिक्षकको स्थान अन्य पेसाकर्मीको भन्दा उपल्लो स्थानमा रहन्छ । त्यहाँका राजनीतिककर्मीले समेत शिक्षकहरूबाट सल्लाह-सुझाव लिएर काम गर्ने प्रचलन स्थापित रहेको छ । शिक्षकले आफ्नो सम्पूर्ण समय अध्ययन-अध्यापन र अनुसन्धानमा बिताउँछन् । उनीहरूको कार्य दक्षताको आधारमा पुरस्कार-दण्ड र बढुवाको व्यवस्था गरिएको हुन्छ । शिक्षकहरू विद्यार्थीको सिकाइमा केन्द्रित हुन्छन् । उनीहरुले आफ्नो हक-अधिकारका लागि कहिल्यै आन्दोलन गर्नुपर्दैन, सरुवा-बढुवा र पदोन्नतिका लागि कहिल्यै पनि नेताको चाकडी गर्नुपर्दैन । यी सब कारणले गर्दा त्यस्ता देशहरूको शिक्षा प्रणाली ज्यादै सुदृढ छ र शिक्षण पेसा व्यवस्थित, मर्यादित र अनुकरणीय छ ।

हाम्रो देशमा धेरैपटक व्यवस्था परिवर्तन भयो, संरचना परिवर्तन भयो, नियम-कानुन परिवर्तन भए । यी सब परिवर्तनले न शिक्षण पेसामा परिवर्तन आयो न त शिक्षकमै । परम्परावादी शिक्षण पेसा कायमै देखियो भने शिक्षकमा लठैतपनको दिन प्रतिदिन हाबी हुँदै गयो । परम्परागत शिक्षण विधिको लठैत शिक्षक, राजनीतिक दलप्रतिको लठैत शिक्षक, नेताको गुलामी गर्ने लठैत शिक्षक, परम्परागत ज्ञान मात्र हस्तान्तरण गर्न चाहने लठैत शिक्षक– शिक्षकको यस्तो लठैतपनले विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको शिक्षा दिन प्रतिदिन ध्वस्त हुने अवस्थामा पुगेको छ ।

*क्रमश: पृष्ठ-३....*

# मापदण्ड नपुगेका निजी कलेजहरुको पक्षमा संसदीय समितिको निर्देशन

काठमाडौं/संसदीय समितिले मापदण्ड नै नपुगेका कलेजहरुलाई नर्सिङ कार्यक्रम सञ्चालन गर्न दिन सुटुक्क शिक्षा मन्त्रालयलाई पत्राचार गरेको पाइएको छ ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले २ माघमा शिक्षामन्त्रीलाई सम्बोधन गरेर पत्र पठाएको छ, जसमा चिकित्सा शिक्षा ऐन अनुसार मापदण्ड नै पूरा नगरेका कलेजमा नर्सिङ कार्यक्रम सञ्चालन गर्न दिन निर्देशन दिइएको छ ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सीटीईभीटी) को सम्बन्धन तथा गुणस्तर सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिको प्रतिवेदनमाथि २५ पुसको बैठकमा छलफल भएर भएको निर्णय भनेर ५ वटा बुँदा र खिएको छ ।

पत्रको दोस्रो नम्बर बुँदामा भनिएको छ, 'कोभिड-१९ को बन्दाबन्दीको समयलाई शून्य समय मानी आफ्नै १०० शय्याको अस्पताल बनाउन ७ वर्षको (२०७५ देखि ५ वर्ष भुक्तान भइसकेकाले थप २ वर्ष मात्र) को समय दिई नर्सिङ कार्यक्रम सञ्चालन गर्ने ।'

**निर्णय नै नगरी सभापतिको पत्र**

चिकित्सा शिक्षा ऐनमा नर्सिङ कलेज सञ्चालन गर्न १०० शय्याको आफ्नै अस्पताल हुनुपर्ने मापदण्ड छ । फागुन २०७५ देखि लागू भएको ऐनको दफा ४४ (१) मा भनिएको छ, ''आफ्नो अस्पताल सञ्चालन नभए पनि शैक्षिक कार्यक्रम सञ्चालन गरेका शिक्षण संस्थाले यो ऐन प्रारम्भ भएको २ वर्षभित्र स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड अनुसार अस्पताल सञ्चालन गर्नुपर्ने हुन्छ ।'

चिकित्सा शिक्षा आयोगले ऐनअनुसार २०७७ फागुनसम्म आफ्नै अस्पताल सञ्चालन गरेका र सबै मापदण्ड पूरा भएकाहरुलाई शैक्षिक कार्यक्रम सञ्चालन गर्न दिने निर्णय गर्‍यो । मापदण्ड पूरा नभएका कलेजको सिट नै निर्धारण गरेन, जसका कारण ६६ वटा कलेजमा नर्सिङ कार्यक्रम बन्द भएको छ ।



प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको एक बैठक ।

नर्सिङ पढाउन नपाएका कलेजहरु मापदण्ड पूरा गर्नुको साटो सडक प्रदर्शन गर्नुका साथै सांसद र स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतलाई भेटेर राजनीतिक लबिइङ थाले । मन्त्री बस्नेत चिकित्सा शिक्षा ऐन संशोधन गर्न तयार थिए, तर सरकारले आँट गरेन । त्यसमा संसदीय समिति प्रवेश गर्‍यो ।

एकीकृत समाजवादीका नेता भानुभक्त जोशी सभापति रहेको शिक्षा समितिले भदौ २५ मा सीटीईभीटीको सम्बन्धन तथा गुणस्तर सम्बन्धमा अध्ययन गर्न माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेलको नेतृत्वमा उपसमिति गठन गर्‍यो ।

पूर्वशिक्षामन्त्री समेत रहेका पौडेलसहित प्रमुख दलका अधिकांश सांसदहरु निजी कलेज सञ्चालकहरुको मागअनुसार नै निर्देशन दिने पक्षमा देखिएका थिए । उपसमिति सदस्य राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की डा. तोसिमा कार्कीले चिकित्सा शिक्षा ऐनसँग बाझिने गरी निर्देशन दिन नमिल्ने मत राखेकी थिइन् ।

उपसमितिले प्रतिवेदन तयार पारेर औपचारिक रुपमा निर्णय गर्न बाँकी नै थियो । विद्यालय शिक्षा विधेयकमाथि छलफल गर्न २५ पुसमा बोलाइएको शिक्षा समितिको पूर्ण बैठकको अन्त्यमा उपसमिति संयोजक पौडेलले विषय प्रवेश गराए ।

बैठकमा उपस्थित उपसमिति सदस्य डा. तोसिमाले आफ्नो फरक मत रहेको स्मरण गराइन् भने रास्वपाकी अर्की सांसद सुमना श्रेष्ठले पनि चिकित्सा शिक्षा ऐनले तोकेको मापदण्ड विपरीत जान नहुने मत राखेकी थिइन् ।

सभापति जोशीले छिटो गरौं भनेर आग्रह गरे । एक सांसदका अनुसार माघी मनाएपछि थप छलफल गरौंला भनेर समिति सदस्यहरु बैठकबाट उठेका थिए । तर २ माघमा समितिको निर्णय भनेर सभापति जोशीले समितिकी सचिव निर्मलादेवी लामिछानेलाई मापदण्ड पूरा नगरेका कलेजहरुलाई पनि नर्सिङ कार्यक्रम सञ्चालनका लागि अनुमति दिन शिक्षा मन्त्रालयलाई निर्देशन दिने पत्र तयार पार्न लगाए ।

उपसमिति र समितिले निर्णय नै नगरेको विषयमा सभापतिले शिक्षा मन्त्रालयलाई पत्र पठाएको थाहा पाएपछि राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरु कार्की र श्रेष्ठले आपत्ति जनाएका छन् । उपसमितिको सदस्य डा. तोसिमाले समितिको निर्देशन गैरकानुनी भएको बताइन् ।

तर सभापति जोशीले भने सबैतिरबाट निकास दिनुपर्छ भनेपछि विकल्प दिएको दाबी गरे । निर्देशन दिनुपूर्व शिक्षामन्त्री अशोककुमार राईसँग पनि छलफल भएको उनले सुनाए । सभामुखले पनि छिटो छलफल गर्नुस् भनेको र शिक्षामन्त्रीले आफूहरु राजनीतिकर्मी समेत भएकाले त्यसअनुसार सोच्नुपर्ने बताएको भन्दै सभापति जोशीले भने, 'सबैतिरबाट निकास दिनुपर्छ भनेपछि हामीले विकल्प दिएका हौं ।'

समितिको पत्र पाएलगत्तै शिक्षा मन्त्रालयले गरेको छलफलले पनि मन्त्रीको रुचि देखाउँछ । शिक्षामन्त्री अशोक राईले शुक्रबार नै चिकित्सा शिक्षा आयोग र सीटीईभीटीका पदाधिकारीलाई बोलाएर समितिको निर्देशन कार्यान्वयनबारे छलफल गरेका छन् ।

'कानुनले एक प्रकारको व्यवस्था गरेको छ, यो अप्ठ्यारोलाई समन्वयको पाटोबाट समाधान गर्न सकिन्छ भनेर खोजीमा छौं', मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले भने, 'हामीले सम्बन्धित निकायसँग छलफल गरिएको छौं । केही दिनमा साझा धारणा निकाल्छौं ।'

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. अञ्जनीकुमार झाले पनि यो विषय मन्त्रालयमा छलफलको क्रममा रहेको बताए । 'शिक्षा मन्त्रालयका उच्च अधिकारीले अध्ययन गरिराख्नुभएको छ' ऐन, कानुन हेरेपछि प्रष्ट जवाफ दिन सकिने भन्दै उनले भने, 'समितिको निर्देशन कानुनसँग बाझिएकाले कार्यान्वयन सम्भव नहुने देखिन्छ ।'

**'निर्देशन कार्यान्वयन हुन सक्दैन'**

उपसमितिका संयोजक देवेन्द्र पौडेल भने पीसीएल नर्सिङतर्फ धेरै विद्यार्थीले अध्ययन गर्न नपाएकाले अन्य अस्पतालसँग सहकार्य गरेर पढाउन सकिने व्यवस्था गर्न भनेको दाबी गरे ।

अहिले साढे १२ हजार जनाले नाम निकाल्दा १९०० ले मात्र पढ्न पाएको भन्दै उनले भने, '२-४ सय विद्यार्थीले पढ्न पाए भने राम्रो हुन्छ भन्ने हिसाबले निर्देशन दिएको हो ।' चिकित्सा शिक्षा ऐन विपरीत निर्देशन दिन मिल्छ भन्ने प्रश्नमा उनले भने, '१०० बेडलाई ५० मा झारिएको भए पो ऐन विपरीत हुन्छ, १०० बेडको अन्य अस्पतालसँग त सहकार्य गर्न सकियो नि !'

तर चिकित्सा शिक्षा आयोगका अधिकारीहरुका अनुसार १०० बेडको आफ्नै अस्पताल नभएका कलेजलाई नर्सिङ पढाउन नदिने व्यवस्था गर्नुको कारण हो उत्पादित जनशक्तिको गुणस्तर । विद्यार्थीले पर्याप्त प्रयोगात्मक अभ्यास गर्न पाउन् भनेर नर्सिङ पढाउने कलेजसँग आफ्नै १०० बेडको अस्पताल अनिवार्य गरिएको हो ।

'गुणस्तरको विषयलाई हेरेर कानुनमा आफ्नै अस्पताल हुनुपर्ने मापदण्ड संसदले बनाएको हो', चिकित्सा शिक्षा आयोगका पूर्व अध्यक्ष डा. श्रीकृष्ण गिरी भन्छन्, 'अहिले बाहना गरेर मापदण्ड विपरीतका कलेजलाई सञ्चालन गर्न दिनु गलत हो ।'

संसदीय समितिले मापदण्ड पूरा नगरेका निजी कलेजहरुलाई सरकारी अस्पतालहरुसँग सम्झौता गरेर नर्सिङ अध्ययन गराउने मनसायले निर्देशन दिएको देखिने भन्दै उनले भने, 'व्यापारिक फाइदा हुने जसरी दिएको निर्देशन कानुन विपरीत छ ।' संसदीय समितिको निर्देशन गलत मनसाय र दृष्टिकोणबाट आएको र ऐनमा लेखिएको कुरा समितिको निर्देशनले काट्न नसक्ने गिरीले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# फागुन ४ लाई 'जिग्री' रिलिज घोषणा




काठमाडौं/आगामी फागुन महिनामा फिल्म रिलिजको ठूलो चाप देखिने भएको छ । फागुन ११ गते 'गोर्खा वारियर', फागुन १८ गते 'अगस्त्य' र फागुन २५ गते 'उपहार', 'रंगेली' र 'काँडेतार' प्रदर्शनमा आउने निश्चित भैसकेको अवस्थामा अब बाँकी रहेको फागुन पहिलो हप्ता फिल्म 'जिग्री' प्रदर्शन हुने भएको छ । आइतबार तीन पोस्टर सार्वजनिक गर्दै फागुन ४ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको हो ।

आकाश मगर निर्देशित फिल्ममा अभयराज बराल, आकाश मगर, पशुपति राई, सुप्रिया राना, रोशन सुवेदी, जीवन बराल, वासुदेव खनाल, सुशीलराज पाण्डे, नवीन लम्साल, केदार श्रेष्ठ, सुशीला लक्ष्मी महर्जन, स्नेहा रसाइली, शंकर भण्डारी, अर्जुन पौडेल, मनिष व्याञ्जु, दिवाकर घिमिरे लगायतको अभिनय छ । यो फिल्मको ट्यागलाइन 'एउटा आलु जस्तो, एउटा तामा जस्तो' राखिएको छ ।

फिल्मले ठूलो महत्वकांक्षा बोकेर काठमाडौं आएका फरक व्यवहार र स्वभावका दुई युवाको कथा भनेको छ । उनीहरुले महंगी र अभावमा पिल्सँदै काठमाडौंमा गरेको संघर्ष फिल्मको मुख्य कथा रहेको मगरको भनाई छ । उनी भन्छन्, 'वर्तमान समयमा आम युवाहरूको परिश्रम अनुसारको आम्दानी नहुने अवस्था र त्यसले निम्त्याएका अनेकन् घटनालाई फिल्ममा देखाउन खोजेका छौं ।'

फिल्मका कार्यकारी निर्माता कुशुम थापा मगर र निर्माता कुमार श्रेष्ठ हुन् । सुमित भट्ट र सोमित माझीको छायांकन रहेको फिल्ममा सुवास पौडेल र भास्कर स्वाँरको संगीत, सरुन मानन्धरको सम्पादन, किशोर आचार्यको ध्वनि र लुज राजभण्डारीको भीएफएक्स छ । फिल्मका कास्टिङ निर्देशक केदार श्रेष्ठ हुन् । सुस्केरा आर्ट्स र लोकल सिनेमाले सहकार्य गरेर फिल्मको निर्माण गरेका हुन् ।

# शुभेच्छाको फ्लपमा ह्याट्रिक



काठमाडौं/सौन्दर्य प्रतियोगिताको जगमा उभिएर फिल्मसम्मको यात्रा तय गरेका एकाधको मात्र करिअर सुखद् देखिएको छ । प्राय: फिल्मको असफलताले संकटको अवस्थामा छन् । कतिले पलायनको बाटो समेत रोजिसकेका छन् । सन् २०१२ की मिस इन्टरनेशनल र सन् २०१७ की वर्ल्ड मिस यूनिभर्सिटीकी विजेता शुभेच्छा खड्कालाई पनि फिल्मको शृंखलाबद्ध असफलताले ठूलो धक्का दिएको छ ।

सन् २०१९ मा फिल्म 'रणवीर'बाट सहजै डेब्यूको अवसर पाएकी उनलाई पहिलो गाँसमै ढुंगा लाग्यो । एकातिर फिल्म व्यावसायिक रुपमा असफल भयो भने अर्कोतिर उनले अभिनयमा पनि आफ्नो खासै प्रभाव छाड्न सकिनन् । यद्यपि, 'रणवीर' निर्देशक गोविन्द सिंह भण्डारीले उनलाई फिल्म 'प्रेमा'मा अर्को अवसर दिए । तर, यसपटक पनि शुभेच्छा सफलता महसुस गर्नबाट बञ्चित भइन् ।

यसैबीच, उनी अभिनीत तेस्रो फिल्म 'चित्रा' गत पुष २७ गतेबाट प्रदर्शनमा आएको छ । अघिल्ला दुई फिल्म असफल भएकाले यो फिल्म उनका लागि महत्त्वपूर्ण थियो । तर, फिल्ममा उनी 'शो पिस'मा सीमित छिन् । उनको चरित्रको फिल्ममा कुनै अर्थ देखिन्न । न त अभिनयमा परिपक्वता देखिन्छ । तेस्रो फिल्मसम्म आइपुग्दा पनि अभिनयमा नै चुक्नु उनका लागि आत्मसमीक्षाको विषय हो ।

त्यसो त 'चित्रा'प्रति उनलाई कुनै आशा नै थिएन भन्ने कुरा प्रचारमा कहीं कतै नदेखिनुले पनि स्पष्ट संकेत गर्थ्यो । फिल्म प्रदर्शनको संघारमा हुँदा उनी प्रेमीसँग हङकङमा रमाइरहेकी थिइन् । तर, फिल्मको सदस्य भएपछि व्यावसायिक सफलता र असफलता दुवैको हकदार हुनुपर्छ । उनले 'चित्रा'बाट एकपटक फेरि असफलता बेहोरेकी छन् । योसँगै उनको फ्लपमा 'ह्याट्रिक' भएको छ ।

# राजनीतिक दलका....

हरेक वर्ष लाखौंको संख्यामा विद्यार्थी विदेश पलायन हुने अवस्था बढ्दो छ । स्वदेशमै पढेका अधिकांश विद्यार्थीसँग पनि न राम्रो ज्ञान छ, न राम्रो सीप । काम गर्ने सोच र नैतिकता तथा अनुशासन भन्ने कुरा त झन् दिनदिनै स्खलित हुँदै गइरहेको छ । यसमा केही हदसम्म जिम्मेवार शिक्षक पनि हुन् ।

शिक्षकले पढाएको विद्यार्थी फेल हुन्छ, तर शिक्षकले आरोप विद्यार्थीलाई लगाउँछ । विद्यार्थीलाई अनुशासित बनाउन सकेन भने उसले दोष अभिभावकलाई लगाउँछ । विद्यार्थीले राम्रो गर्‍यो भने शिक्षकले मैले गर्दा भएको हो भन्छ, विद्यार्थी पढेर पनि केही गर्न सकेन भने पाठ्यक्रम नै गतिलो थिएन भन्छ । आफूले पढाएको विद्यार्थी बेरोजगार भयो भने राज्यले रोजगार दिन सकेन भन्छ । राम्रो कार्यको मात्र आफूले जस लिन चाहने र नराम्रो कार्यको अरुलाई दोष दिने लठैत शिक्षक ।

नेपालको प्रचलित कानुनी व्यवस्था अनुसार शिक्षक कुनै पनि राजनीतिक दलको सदस्य बन्न पाउँदैन तर त्यो कानुनी व्यवस्था कानुनी किताबको ठेलीमा मात्र सीमित रहेको अवस्था छ । अधिकांश शिक्षकहरू कुनै न कुनै ठुला राजनीतिक दलहरूको सदस्य मात्र होइन झोला नै बोकेर हिँडेको पनि प्रशस्त देखिएको छ । दलका राजनीतिमा सक्रिय रहेका शिक्षकलाई गुरुको उपमा दिनभन्दा राजनीतिक दलका लठैत शिक्षक भन्दा फरक नपर्ला । राजनीतिक दलका लठैत शिक्षकले कस्तो शिक्षा प्रदान गर्लान्, त्यो विश्लेषण गर्ने जिम्मेवारी अभिभावक र विद्यार्थीको हो ।

शिक्षक आफ्नो शैक्षिक तथा पेसागत क्षमताको विकास गर्नभन्दा पनि नेताको चाकडी गर्न व्यस्त भयो । सरुवा-बढुवा तथा प्रधानाध्यापक बन्नका लागि रातारात पार्टीको सदस्य लिन र फेरबदल गर्न ऊ क्रियाशील भयो । उसले आफ्नो सम्मानित पेसालाई चिनेन, आफ्नो पेसालाई सम्मानित बनाउन सकेन, आफ्नो पेसा बिर्सियो, आफ्नो कर्तव्य र जिम्मेवारीलाई लत्यायो, सधैं आफ्नो स्वार्थ मात्र हेर्न थाल्यो, आफ्नो मात्र अधिकार खोज्यो तर अरुको अधिकारलाई ध्यान दिएन । यी सबै कारणले गर्दा उसले शिक्षण पेसालाई नै दूषित बनायो र आफूले आफैँलाई लठैत शिक्षकका रूपमा देख्न थाल्यो । जसको परिणामस्वरूप सार्वजनिक रूपमा शिक्षण पेसालाई आलोचित बनायो ।

शिक्षा समान हुनुपर्छ, शिक्षामा कुनै पनि विभेदको अन्त हुनुपर्दछ भनेर ढोल ठोक्ने शिक्षकले आफूले पढाउने विद्यालयमा आफ्नो बच्चालाई पढाउन चाहेन, आफ्नो बच्चालाई गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्छ भनेर आफ्नो बच्चाको शिक्षकसँग पाखुरा सुर्कायो तर आफूले पढाउने विद्यार्थीका अभिभावकले त्यही कुरा भन्दा धेरै जान्ने नहुनु भनेर आँखा फर्कायो । आफ्नो पेसालाई उसले विद्यालयको चार दिवारभन्दा बाहिर लान सकेन, अध्ययन अनुसन्धानलाई कुरामा मात्र सीमित राख्यो । पुस्तकका ठेलीभन्दा बाहिरको संसार विद्यार्थीलाई चिनाउन सकेन, वर्षौं पुरानो नोटको भरमा जागिर खायो, तालिम लिन जान कहीँ छाडेन तर तालिममा सिकेको कुरालाई कहिल्यै पनि प्रयोगमा ल्याउन सकेन । परम्परागत शिक्षण विधिलाई आफ्नो पेवाको रूपमा सम्झेर त्योभन्दा बाहिर गएर शिक्षण गर्ने उसले मन गरेन ।

शिक्षक, शिक्षण भनेको पढाउने हो भन्ने धारणाबाट सिकाउने हो भन्ने धारणामा रूपान्तरण हुन सकेन ऊ । उसको न आफ्नो शैलीमा परिवर्तन भयो न त आफ्नो सीपमा नै । शिक्षणलाई जागिरको रूपमा हेरियो तर जिम्मेवारीका रूपमा हेर्न सकिएन । शिक्षण पेसामा जुन जिम्मेवारी छ त्यो अन्य पेसाको भन्दा कैयौं गुणा धेरै छ, त्यो जिम्मेवारी पूरा गर्न शिक्षकमा क्रान्तिकारी परिवर्तनको जरुरत छ । त्यसका लागि शिक्षक लठैत शिक्षकबाट प्राज्ञिक शिक्षकमा रूपान्तरण हुनुपर्छ ।

शिक्षकको दाबी छ– समाजका हरेक जनशक्ति हामीले निर्माण गर्‍यौं, समाजका हरेक व्यक्तिलाई हामीले दीक्षित गर्‍यौं । यो दाबी धेरै हदसम्म सत्य हो । स्कुल-कलेजमा पढ्ने जो-कोहीलाई कसरी सिकाउने वा बुझाउने भन्नेमा धेरै हदसम्म शिक्षकको भूमिका थियो । पाठ्यक्रम कस्तो हुने, शिक्षा नीति कस्तो हुने भन्ने अगल पाटो भयो ।

शिक्षकले राम्रोसँग सिकाउन नसक्दा धेरै विद्यार्थीको भविष्य अन्धकारतिर गएको छ भन्नेमा पनि हाम्रो ध्यान जानुपर्छ । अर्कोतिर, आज सरकारको तलब-भत्ता खाएर भ्रष्टाचार गर्ने वा जनहितमा काम नगर्नेहरुलाई हिजो कुनै शिक्षकले सिकाएका वा पढाएका थिए । आज खराब काम गर्ने वा खराब आचरणले निर्देशित कुनै व्यक्ति हिजो कुनै शिक्षकको विद्यार्थी हुन सक्छ । त्यसैले स्कुल आएर कसैले राम्रो शिक्षा वा आचरण पाएन भने त्यसमा शिक्षक कति जिम्मेवार हुने भन्ने पनि प्रश्न छ ।

विद्यार्थीलाई पढाउने र सिकाउने काम मात्र शिक्षकको होइन, शिक्षकको जिम्मेवारी त विद्यार्थीलाई ज्ञानी, सीपयुक्त, चरित्रवान्, विवेकशील, परिश्रमी, लगनशील, धैर्यवान, आदर्शवान, देशप्रेमी बनाउने पनि हो । यसो सम्भव छ, तर यसका लागि शिक्षकमा निहित लठैतपनलाई हटाउनुपर्छ । शिक्षक आफ्नो पेसाप्रति पूर्ण जिम्मेवार बन्नुपर्छ । आफ्नो पेसालाई उच्च सम्मान गर्नुपर्छ । अध्ययन अनुसन्धानमा केन्द्रित हुनुपर्छ । कुनै पनि राजनीतिक दलको झोले कार्यकर्ता बन्न छाडेर पार्टी र नेतालाई उपयुक्त सल्लाह सुझाव दिने व्यक्ति बन्नुपर्छ ।

*(साभार: रातोपाटी)*

# यू-१९ विश्वकपमा नेपाल न्युजिल्यान्डसँग पराजित



काठमाडौं/युवा ब्याटर अर्जुन कुमालको उत्कृष्ट ब्याटिङका बाबजुद नेपाल आईसीसी यू-१९ विश्वकपमा पहिलोपटक न्युजिल्यान्डसँग पराजित भएको छ ।

दक्षिण अफ्रिकामा जारी आईसीसी यू-१९ विश्वकपमा नेपाल न्युजिल्यान्डसँग ६४ रनले पराजित भएको हो । यो हारले नेपालको सुपर सिक्स सम्भावनामा धक्का लागेको छ । ३०३ रनको लक्ष्य पछ्याएको नेपालले पुरै ५० ओभर खेल्दै ९ विकेटको क्षतिमा २३८ रन बनाउन सक्यो । नेपालका ओपनर अर्जुन कुमालले १०४ बलमा १२ चौकासहित ९० रनको शानदार इनिङ्स खेलेपनि टोलीको हार टार्न सकेनन् । अन्य ब्याटरको साथ नपाउँदा अर्जुनको उत्कृष्ट ब्याटिङका बाबजुद नेपाल पराजित हुन पुग्यो ।

तीव्र गतिका बलर एवाल्ड श्रेडरको ३८ औं ओभरको दोस्रो बलमा अर्जुन थर्डम्यानमा क्याच आउट भएपछि विश्वकपमा शतक हान्ने पहिलो नेपाली खेलाडी बन्नबाट चुकेका थिए । बाउन्सर बल थर्डम्यानको माथि सट खेल्ने क्रममा अर्जुन क्याच हुन पुगेका थिए । त्यसअघि अर्जुनले व्यक्तिगत १४, ८६ रन र ८८ रनमा तीन जीवनदान पाएका थिए ।

तेस्रो विकेटका लागि देव र अर्जुन कुमालले ६२ बलमा ५९ रनको साझेदारी गरेका थिए । देव खनाल ३४ बलमा ५ चौका र १ छक्कासहित ३६ रनमा आउट भए । अन्य कुनैपनि नेपाली ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन् । आकाश त्रिपाठी र गुल्शन झा २-२ रनमा आउट भए । उत्तम थापामगर, दीपक बोहरा, दीपेश कँडेलले खाता खोल्न सकेनन् ।

अन्तिम विकेटका लागि तिलकराज भण्डारी र सुवास भण्डारीले ३७ रनको अविजित साझेदारी गरे । सुवास भण्डारी ५२ बलमा ४ चौकासहित ३३ रनमा नटआउट रहे । तिलक भण्डारी १९ बलमा २ चौका र १ छक्कासहित १७ रनमा नट आउट रहे ।

न्युजिल्यान्डका मासन क्लार्कले ८ ओभरमा १ मेडनसहित २५ रन खर्चेर ३ विकेट लिए । एवाल्ड श्रेडर र ओस्कर ज्याक्सनले २-२ विकेट लिए । दक्षिण अफ्रिकाको बफेलो पार्क इस्ट लन्डनमा टस जितेर पहिला ब्याटिङ रोजेको न्युजिल्यान्डले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै ३०२ रन बनाएको थियो । न्युजिल्यान्डको जितमा तेस्रो नम्बरका ब्याटर स्नेहित रेड्डीले १२५ बलमा ११ चौका र ६ छक्कासहित १४७ रनको शानदार अविजित शतकीय इनिङ खेलेका थिए । कप्तान ओस्कर ज्याक्सनले ८१ बलमा ३ चौका र ५ छक्कासहित ७५ रनमा आउट भए ।

एक समय ६७-३ को अवस्थामा पुगेको न्युजिल्यान्डलाई ज्याक्सन र रेड्डीले चौथो विकेटका लागि १६४ बलमा १५७ रनको शतकीय साझेदारी गरेका थिए । उक्त साझेदारी नै नेपालको हारको मुख्य कारण बन्यो ।

# 'गलबन्दी' जोडीको 'पूजार सार्की'मा पार्श्व गायन



काठमाडौं/गायनमा सफल मानिएको जोडी प्रकाश सपूत र शान्तिश्री परियारले पहिलो पटक फिल्मको गीतमा सहकार्य गरेका छन् । 'प्रकाश' फेम्ड निर्देशक दिनेश राउतको सातौं फिल्म 'पूजार सार्की'को एक गीतमा उनीहरुले स्वर भरेका हुन् । यो जोडीले 'गलबन्दी', 'बोल माया', 'दमाई महाराज' जस्ता चर्चित गीतमा सहकार्य गरिसकेको छ । अब फिल्मको गीतमा पनि दुवैको स्वर गुञ्जिन लागेको हो ।

शनिबार रेकर्डिङ भएको लोक शैलीको गीतमा हर्क साउदको शब्द रचना, सुबास भुसालको संगीत तथा हेमन्त कान्छा रसाइलीको एरेञ्ज छ । माघ मध्यबाट छायांकन सुरु हुन लागेको फिल्ममा आर्यन सिग्देल, प्रदीप खड्का, पल शाह, अन्जना बराइली र परीक्षा लिम्बू मुख्य भूमिकामा देखिँदैछन् । पहिलोपटक आर्यन, प्रदीप र पलले एकसाथ काम गर्न लागेकाले फिल्मको चर्चा चुलिँदो छ ।

संगीतकार भुसाल स्वयंले फिल्मको निर्माण गर्नेछन् । उनले संगीत भरेका 'लै लै लै लै', 'बनकी चरी', 'जिन्दगीको के छ र भर' आदि गीत चर्चित छन् । किङ्गडम नेटवर्कको प्रस्तुति रहने फिल्ममा विकास सुवेदीको लेखन छ । फिल्ममा आर्यन सिग्देलले पूजारीको भूमिका निर्वाह गर्नेछन् भने उनको जोडी अञ्जनासँग बाँधिनेछ । उनीहरुको अन्तरजातीय प्रेमकथामा फिल्म केन्द्रित हुने चर्चा छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चेपाङ र बनकरियालाई जाडोबाट बच्न सिरक

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/मनहरी गाउँपालिका-४ का चेपाङ र वनकरिया समुदायलाई चिसोबाट बच्नका लागि सिरक बितरण गरिएको छ । वडाध्यक्ष प्रकाश थापाले आफ्नो वडामा बसोबास गर्ने गरिव, विपन्न चेपाङ र वनकरिया समुदायका बासिन्दालाई सिरक बाँडेका हुन् ।

दि डिस्टिलरी प्रालि बालाजुसँग मागेर ल्याइएको १ सय ५५ थान सिरक ४ नम्बर वडाका चेपाङ र बनकरियाका लागि बितरण गरिएको छ । 'गरिव, विपन्न समुदायमा अहिले पनि सिरकको अभावमा अँगेनामा आगो बालेर सुत्नुपर्ने बाध्यता रहेकाले विभिन्न व्यक्ति, संस्था र कम्पनीसँग सिरक माग गरेको थिएँ ।', वडाध्यक्ष थापाले भने, 'दि डिस्टिलरीले मेरो मागलाई स्वीकार गरेर मानवीय सहयोग गरेर पूण्य कमाउने काम गऱ्यो ।',



सिरक हस्तान्तरण कार्यक्रममा वडाध्यक्ष थापा, स्थानीय समाजसेवी बिष्णु चेपाङसहित दि डिस्टिलरी प्रालिका निर्देशक कृष्णकुमार चुडीवाला, सिनियर अफिसर जनक रेग्मी र प्रवन्धक बिजय मल्ललगायतको सहभागिता रहेको थियो । सोही अबसरमा डिस्टिलरीका प्रवन्ध निर्देशक चुडीवालाले चेपाङ बालबालिकालाई एकछाक खिचडी खाजा खान भन्दै नगद ५ हजार रुपैयाँ समेत सहयोग गरेका छन् ।

चुडीवालाले स्थानीय बिष्णु चेपाङमार्फत् बालबालिकालाई खाजास्वरुप खिचडीको व्यवस्थापन गर्न सहयोग गरेका हुन् । नेपालमै मनहरी-४ मुसेधापमा मात्रै बसोबास रहेको बनकरिया समुदायका लागि लक्षित गरी यसअघि पनि बागमती प्रदेश सरकारको आन्तरिक तथा कानून मन्त्रालयले पनि सिरक बितरण गरेको थियो ।

# थाहाको ८ नम्बर वडाबाटै भत्ता वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/थाहा नगरपालिका-८ को कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ । वडाका लाभग्राहीलाई बैंकसम्म पुग्न नपरोस भनेर वडाध्यक्ष हेमकुमार थिङले बैंकको सहयोगमा वडाबाटै भत्ता वितरण गरेका हुन् ।

८ नम्बर वडाको भत्ता वितरणका लागि प्रभु बैंक दामन शाखाले सम्झौता गरेको थियो । ६ माघमा भत्ता वितरणका लागि प्रभु बैंक दामन शाखाप्रमुख राधाकृष्ण लामिछानेसहित र्कचारी वडा नम्बर ८ को कार्यालय पुगेका थिए ।

वडाका कर्मचारी तथा जनप्रतिनिधिले भत्ता वितरणकार्यमा सहयोग गरेका थिए । 'शनिबारै भएपनि बैंकका कर्मचारी र वडा कमएचारी र जनप्रतिनिधिको सहयोगले भत्ता वितरण गर्दा खुशी लागेको छ ।', वडाध्यक्ष थिङले भने ।

भत्ता वितरणमा सुरक्षाका लागि इलाका प्रहरी कार्यालय पालुङ र नगर प्रहरीले सघाएका थिए । बैंकसम्म भत्ता लिन जाँदा निकै कठिनाई हुने सम्झँदै ज्येष्ठनागरिकले वडाबाटै भत्ता पाएपछि खुशी व्यक्त गरेका छन् । उनीहरुले बैंक, वडा कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद पनि दिए ।

# थाहानगर र धादिङको थाक्रे जोड्ने सडक निर्माण तीव्र



साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/थाहा नगरपालिका र धादिङको थाक्रे गाउँपालिकाको महादेववेशी जोड्ने पक्की सडक निर्माण कार्य धमाकम भइरहेको छ । कालोपत्रे गरिने सडकमा हाल कटिङ र नालाको काम भइरहेको हो ।

काष्ठमण्डप कन्स्ट्रक्शनले ठेक्का पाएको यो सडकको कटिङ, नालालगायतको काम द्रुतगतिमा भइरहेको थाहा नगरपालिका-८ का वडाध्यक्ष हेमकुमार थिङले जानकारी दिए । अहिले दामगडे-मोरिया सडकखण्डमा काम भैरहेको छ । डाँडाबास-गैरीगाउँ-दामगाडे-मोरिया-महादेववेशी सडकलाई एकमुष्ट ९९ करोड ९८ लाख १५ हजार ७७७ विनियोजन भएकोमा धादिङ र मकवानपुर दुवैतिरबाट निर्माण थाल्ने गरी स्वीकृत बजेटको ५०-५० प्रतिशत रकमको मकवानपुर र धादिङतर्फका लागि टेण्डर भई काम सुरु भएको हो ।

थाहा नगरपालिकाको वडा नम्बर ७, ८ हुँदै धादिङको थाक्रे गाउँपालिकाको वडा नम्बर ३ मा जोडिनेछ भने थाक्रे २ नम्बर वडालाई समेत यो सडकले सहजता हुने वडाध्यक्ष थिङले बताए । कुल २७ किलोमिटर लामो यो सडकका लागि पहिलो वर्ष २० प्रतिशत काम सम्पन्न हुनेछ भने दोस्रो वर्ष ३५ र तेस्रो वर्ष ४५ प्रतिशत काम सम्पन्न गरी सडकलाई पूर्णता दिइने राष्ट्रिय योजना आयोग बागमती प्रदेशले जनाएको छ ।

वर्षेनी वर्खाको बेला यातायात सेवाबाट विच्छेद हुनुपर्ने थाहानगरको आग्रा क्षेत्रका बासिन्दाका लागि यो सडक योजना बरदान सावित हुने अध्यक्ष थिङको भनाइ छ । सडकको क्षेत्राधिकार दायाँबायाँ १५/१५ मिटर रहेको छ ।

# सुखी भविष्य सहकारीको अध्यक्षमा प्रधान



साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिका-३ थानाबजारमा रहेको सुखी भविष्य वचत तथा ऋण सहकारी संस्था लिमिटेडमा सुरेन्द्रमान प्रधानको नेतृत्वमा नयाँ सञ्चालक समिति निर्वाचित भएको छ ।

६ माघमा विकास घरमा सम्पन्न १४ औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशनले प्रधानको अध्यक्षता सञ्चालक समिति निर्वाचित भएको निर्वाचन अधिकृत भूमिराज अवस्थीले जानकारी दिए । समितिको उपाध्यक्षमा ज्ञानेन्द्र अधिकारी, सचिवमा बिक्रम केसी, कोषाध्यक्षमा बिक्रम श्रेष्ठ, सदस्यहरुमा दीपराज लामिछाने, राजेन्द्र भुजेल र दिलमाया तामाङ निर्विरोध निर्वाचित भएका छन् ।

यसैगरी, लेखा सुपरीवेक्षण समितिको संयोजकमा सुजनकुमार रायमाझी, सदस्यहरुमा सूर्यबहादुर दोङ र कमलबहादुर कार्की निर्वोरोध निर्वाचित भएका हुन् । थाहा नगरपालिका सहकारी शाखाप्रमुख अस्मिता तिवारी घिमिरेको प्रमुख आतिथ्यता र संस्थाका अध्यक्ष प्रधानको अध्यक्षमा साधारणसभा भएको हो । सभामा अध्यक्ष प्रधानले आगामी वर्षका लागि नीति तथा कार्यक्रम प्रस्तुत गरे भने कोषाध्यक्ष रेशम विष्ट बैदेशिक भ्रमणमा रहेकोले सचिव विक्रम केसीले नै आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

साधारणसभाको अवसरमा साधारण बचततर्फ थाहा-४ का राम गोतामे, थाहा-२ का सन्तबहादुर पोडे, दैनिक वचततर्फ थाहा-९ का राजु श्रेष्ठ, थाहा-१ का गौरी प्रधान, उत्कृष्ट कर्जातर्फ थाहा-४ का निर्मला तामाङ, थाहा-९ का मानबहादुर स्याङ्तान र कर्मचारीतर्फ केशवकुमार प्रधान सम्मानित भए ।

## मोटरसाइकल हरायो

मिति २०८० साल माघ २ गते बागमती गाउँपालिका वडा नं १ माझगाउँ भन्ने ठाउँमा माघे संक्रान्तिको शुभपर्वमा लागेको माझगाउँ मेला हेर्न जाँदा पार्किङ्ग गरि राखेको अवस्थाबाट करिव राति १२:०० बजे मेरो निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** प्रदेश नं. २-०२-००२ प ८९७२
**मोटरसाइकल धनीको नाम:** पविन बहादुर विश्वकर्मा, कमलामाई न.पा.-१, सिन्धुली
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** सेतो/रातो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२१
**चेचिस नम्बर:** MD2A13EX8MCD86662
**इन्जिन नम्बर:** DKXCMD04763
**सम्पर्क फोन नम्बर:** ९८०७८५९२८१, ९८४४३६२८२६

# जनक माविले जित्यो शिक्षक भलिबलको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरको आयोजनामा भएको जिल्लास्तरीय रनिङ शिल्ड शिक्षक भलिबल प्रतियोगिताको उपाधि बकैयाको जनक मावि भिरकोटले जितेको छ ।

फाइनल खेलमा हेटौंडाको जिएस निकेतन विद्यालयलाई २५-१४, २५-१९, १८-२५ र २५-१५ को सेटले पराजित गर्दै जनकले उपाधि चुमेको हो । प्रतियोगिताको उपाधि विजेता जनकले २५ हजार रुपैयाँ, उपविजेता जिएसले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र हात पारेको छ ।

प्रतिनिधिसभा सदस्य तथा नेकपा एमाले बागमती प्रदेशका सचेतक महेश बर्तौलाले विजेता टिमलाई पुरस्कार प्रदान गरेका थिए । प्रतियोगितामा जनता मावि फापर बारी र नाटेश्वर मावि चित्लाङ सान्त्वना हुन सफल भएको छ । माघ ४ गतेदेखि थाहा नगरपालिकाको नाटेश्वर माध्यमिक विद्यालयमा भएको प्रतियोगितामा सामूदायिक तथा संस्थागत गरी २० वटा विद्यालयले सहभागिता जनाएका थिए ।

# काठमाडौंबाट आएर थाहा नगर क्षेत्रमा सरसफाई

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/थाहा नगरपालिकाको विभिन्न स्थानमा स्वयंसेवकले सरसफाई गरेका छन् । काठमाडौंबाट आएका राजमान (मानव) महर्जन नेतृत्वको टोलीले थाहाको पालुङसहर, पाण्डुकेश्वर क्षेत्र, चित्लाङ, शिखरकोटलगायतको स्थानहरुमा सरसफाई सञ्चालन गरेका हुन् ।

टोलीले विश्व सरसफाइ कार्यक्रमअन्तर्गत थाहानगरका विभिन्न क्षेत्रमा कार्यक्रम गरेका हुन् । उनीहरु सरसफाईसम्बन्धी सन्देश दिने र सर सफाई कार्यक्रम सञ्चालन गर्दै देशका विभिन्न स्थानमा पुग्ने गर्दछन् । टोलीमा सुशीला महर्जन, लक्ष्मन महर्जन, दिलिप महर्जन र मैयाश्वरी महर्जन सहभागी थिए ।

स्तस्फूर्तरुपमा १४ वर्षदेखि यस किसिमको कार्यक्रम सञ्चालन गर्दे आएको राजमानले जानकारी दिए । थाहा नगरपालिकाको वडा नम्बर २ मा भएको सरसफाई कार्यक्रममा वडाध्यक्ष बमबहादुर सिन्तानको विशेष उपस्थिति रहेको थियो । स्वयंसेवकलाई वडाध्यक्ष सिन्तानले स्वागत गरेका थिए । सरसफाई कार्यक्रममा स्थानीय पनि सहभागी थिए ।

बागमती प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

## परामर्श सेवा खरिद सम्बन्धी सूचना !

*(दोस्रो पटक प्रकाशित मिति २०८०/१०/०८)*

यस मन्त्रालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बागमती प्रदेशका लैङ्गिक तथा घरेलु हिंसा पीडित/प्रभावित महिला तथा किशोरीका लागि आपतकालिन संरक्षण तथा मनोसामाजिक मनोविमर्श सेवा प्रदान गर्नका लागि बागमती प्रदेशभित्रका १३ जिल्लाबाट छनौट हुने १५ जना सहभागीहरूलाई मनोसामाजिक मनोविमर्शकर्ता तालिम (६ महिने) संचालन गर्न प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सेवा खरिद गर्नुपर्ने भएको हुँदा प्रथम पटक मिति २०८०/०९/०२ गते प्रकाशित सूचना बमोजिम आह्वान गरिएको वोलपत्र प्राविधिक कारणवस रद्द हुन गएकोले इच्छुक वोलपत्रदाताले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७१ अन्तर्गत रही १५ दिनभित्र वोलपत्र पेश गर्नुहुन यो सूचना पुन: प्रकाशित गरिएको छ । वोलपत्र सम्बन्धी थप जानकारीका लागि "मनोसामाजिक परामर्श तालिम सञ्चालन कार्यविधि, २०८०' मन्त्रालयको वेभसाइट https://mosd.bagamati.gov.np/ बाट डाउनलोड गर्न सकिन्छ ।

फोन नं.: ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२३८५७, ०५७-५२७७२८ र ०५७-५२३१७९
इमेल: mosd@bagamati.gov.np, वेबसाइट:mosd.bagamati.gov.np

#HetaudaAcademy

## हार्दिक समवेदना

जन्म
वि.सं २००९ फागुन १७



स्वर्गारोहण
वि.सं २०८० माघ ०२

स्व. पवित्रा देवी चौलागाई

यस विद्यालयमा कार्यरत कर्मचारी श्री सिता चौलागाईकी ममतामयी आमा **श्री पवित्रा देवी चौलागाई** को असामयिक निधन भएको खबरले सिंगो विद्यालय परिवार मर्माहत भएको छ। दुखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं। साथै सम्पूर्ण शोक सन्तप्त परिवार जनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामनाका साथ हार्दिक समबेदना व्यक्त गर्दछौं ।

HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np

हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट




Ready To Eat

हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना